**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन ८ गते शुक्रबार ❑ 20 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## एमाले घोषणापत्रमा तत्काल गर्नुपर्ने ११ काम, पाँच विकासका लागि आधारभूत घोषणा

**रासस**
काठमाडौं, ७ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले प्रतिनिधिसभा निर्वाचन २०८२ घोषणापत्र सार्वजनिक गरेको छ । बिहीबार आयोजित कार्यक्रममा पार्टी अध्यक्ष केपी शर्मा ओलीले घोषणा पत्र सार्वजनिक गर्नुभएको हो ।

एमालेले तत्काल गर्नुपर्ने ११ काम, पाँच विकासका लागि आधारभूत घोषणा र २५ समृद्धिको स्तम्भ समेटिएको घोषणा पत्र सार्वजनिक गरेको हो । एमालेले आफ्नो नेतृत्वमा सरकार बनेपछि पहिलो मन्त्रिपरिषद् बैठकबाट घोषणा पत्रमा समेटिएका तत्काल गर्नुपर्ने ११ काम गर्ने उल्लेख गरेको छ। घोषणापत्रमा श्रमिकको तलब न्यूनतम पारिश्रमिक २५ हजार पुऱ्याउने उल्लेख छ।

यस्तै सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड तथा कक्षा १० सम्मका विद्यार्थीलाई खाजाको व्यवस्था गर्ने एमालेको घोषणापत्रमा उल्लेख गरिएको छ। यसैगरी १८ वर्षदेखि २८ वर्ष उमेर समूहका युवालाई एक वर्षसम्म निःशुल्क हरेक महिना १० जीवी इन्टरनेट डाटा, युवा र उद्यमीलाई रु १० हजार बराबरको डलर कार्ड उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ।

सूचना प्रविधि र अनलाइन सेवासम्बन्धी तालिम तथा सेवा उपभोग गर्न सहज बनाइ १० लाख युवालाई स्वरोजगारतर्फ उन्मुख बनाउने वाचा गरेको छ। एमालेले वैदेशिक रोजगारमा रहेका श्रमिकले विप्रेषण पठाउनेलाई बैंक खातामा रु पाँच हजार थप गर्ने तत्काल गर्नुपर्ने काममा उल्लेख गरेको छ। प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई रु २० लाखसम्म निर्व्याजी ऋण उपलब्ध गराउने, स्वास्थ्य स्वयंसेविकालाई रु २० हजार भत्ता र सामाजिक सुरक्षा उपलब्ध गराउने एमालेको घोषणा पत्रमा भनिएको छ । यस्तै रु २० हजार सुत्केरी भत्ता र रु पाँच लाखसम्मको निःशुल्क जीवन बिमा उपलब्ध गराउने घोषणा पत्रमा उल्लेख गरिएको छ।

एमालेले राज्यद्वारा गरिब परिवारको रुपमा पहिचान भएका घर परिवारले बैंक तथा वित्तीय संस्थाबाट २०८२ भदौसम्म लिएको रु २५ हजारसम्मको ऋण मिनाह गराउने भएको छ । शिक्षकको मर्यादा तोक्ने र सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने, सुरक्षाकर्मीको सम्मान र कल्याणका लागि पेशागत मर्यादा, सेवा सुविधा, सामाजिक सुरक्षा र स्वास्थ्य उपचार तथा सीप विकाससँगै सम्मानजनक जीवनयापनको सुनिश्चिता गर्ने एमाले घोषणापत्रमा उल्लेख गरिएको छ।

एमालेले कृषिको उत्पादत्व, विद्युत् उत्पादन क्षमता बढाउँदै, खनिज तथा औद्योगिक उत्पादन र भौतिक पूर्वाधारमा फड्को मार्दै ७ देखि ९ प्रतिशतसम्मको आर्थिक वृद्धिदर बढाउने घोषणापत्रमा उल्लेख छ । अर्थतन्त्रको आकार पाँच वर्षमा एक सय खर्ब रुपैयाँ र १० वर्षमा रु २०० खर्ब पुऱ्याउने एमालेको लक्ष्य छ । प्रतिव्यक्ति आम्दानी पाँच वर्षमा करिब तीन हजार अमेरिकी डलर पुऱ्याउने एमालेले घोषणापत्रमा उल्लेख गरेको छ । एमालेले दुई वर्षमा सबैको घरमा खानेपानी पुऱ्याउने वाचा गरेको छ।

एमालेले उच्च आर्थिक वृद्धिबाट वार्षिक चार लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप एक लाख गरी वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्ने भएको छ।

उद्योग क्षेत्रको विस्तार गरेर कूल ग्राहस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान दोब्बर बनाउने, पर्यटन पूर्वाधारको विकास, बजार प्रवर्द्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षा गर्दै पाँच वर्षमा पर्यटकको आगमन दोब्बर बनाउने घोषणापत्रमा उल्लेख छ।

पाँच वर्षभित्र थप तीन लाख हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने, सबै स्थानीय तहमा अस्पताल पूर्वाधार निर्माण, आधुनिक उपकरणको व्यवस्था, सेवाको गुणस्तर निर्धारण तथा जनशक्ति व्यवस्थापन गरी विश्वस्तरीय स्वास्थ्य सेवा स्वदेशमा नै उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ । सबै सडकलाई दुई लेनको बनाउने र एक लेनका सडकलाई दुई लेनको बनाउने एमालेको घोषणापत्रमा उल्लेख छ । एमालेले सबै राष्ट्रसँग सम्मानजनक सम्बन्ध राख्दै कुनै पनि राष्ट्रको स्वाधिनता, स्वनिर्णय र भौगोलिक अखण्डतामाथिको अतिक्रमण तथा हस्तक्षेप अस्वीकार गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ। घोषणापत्र सार्वजनिक कार्यक्रममा एमाले अध्यक्ष ओलीसहित उपाध्यक्ष रामबहादुर थापा, रघुजी पन्त, उपमहासचिव योगेश भट्टराई, सचिव छविलाल विश्वकर्मालगायत नेता सहभागी हुनुहुन्थ्यो।

## राष्ट्रिय प्रजातन्त्र दिवस एवं दशौं निर्वाचन दिवसको अवसरमा फलफूल वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन



राष्ट्रिय प्रजातन्त्र दिवस २०८२ तथा दशौं निर्वाचन दिवसको अवसरमा जिल्ला मूल समारोह समिति कास्की र प्रदेश निर्वाचन कार्यालय, पोखराको संयुक्त आयोजनामा बिहीबार कास्की कारागारमा रहेका बन्दीहरूलाई फलफूल वितरण गरिएको छ।

कास्की कारागारमा रहेका कैदी बन्दीहरुको बस्तु स्थिती बुझ्दै उक्त दिवसमा फलफुल वितरण गरिएको मुल समारोह समितिले जनाएको छ। कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरेले प्रजातन्त्रको सार्थक कार्यान्वयनका लागि निर्वाचन अपरिहार्य आधार भएको उल्लेख गर्नुभयो । उहाँले लोकतान्त्रिक व्यवस्थामा प्रत्येक नागरिकको मताधिकार महत्वपूर्ण हुने बताउँदै कास्की कारागारमा रहेका कैदीबन्दीहरूको समेत मतदान अधिकार सुनिश्चित गरिएको जानकारी दिनुभयो । "निर्वाचनले नै जनताको सार्वभौम अधिकारको अभ्यास गराउँछ, त्यसैले सबैको सहभागिता सुनिश्चित हुनुपर्छ," उहाँको भनाइ थियो । कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले कारागारमा रहेका बन्दीहरूको गुनासो सुन्दै निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो। उहाँले लोकतान्त्रिक अभ्यासमा सबै तह र तप्काको सहकार्य आवश्यक रहने धारणा राख्नुभयो । कास्की कारागारका प्रशासक राजेन्द्र शर्माका अनुसार हाल कारागारमा ६ सय ८३ जना कैदीबन्दी रहेका छन् । जेन्जी आन्दोलनका क्रममा भागेकामध्ये अझै १ सय ४३ जना फर्किन बाँकी रहेको उहाँले जानकारी दिनुभयो । आन्दोलनका समयमा कारागारमा ७ सय ७३ जना बन्दी रहनु भएको थियो। हाल २९ जना महिला बन्दी रहेको उहाँले जनाउनु भयो। कास्की कारागारमा खानेपानीको समस्या, भवनहरु मर्मत संहार गर्नुपर्ने अबस्था रहेको कारागार प्रसासनले जनाएको छ । दशौं निर्वाचन दिवसको अवसरमा आयोजना गरिएको उक्त कार्यक्रमले लोकतान्त्रिक मूल्य-मान्यता र समावेशी सहभागिताको सन्देश प्रवाह गरेको आयोजकले जनाएको छ । कार्यक्रममा प्रदेश निर्वाचन अधिकारी नारायण ढकाल, सूचना अधिकारी रुद्र न्यौपाने,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## रास्वपाद्वारा कर्णालीबाट 'वाचापत्र' सार्वजनिक

**रासस**
काठमाडौं, ७ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले 'रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधार' समेटेर आफ्नो चुनावी 'वाचापत्र' आज कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरबाट सार्वजनिक गरेको छ।

'हामी आयौँ' परिवर्तन उद्घोष सभामा सार्वजनिक गरिएको वाचापत्र किन कर्णालीमै आएर रास्वपाले सार्वजनिक गऱ्यो ? रास्वपाका सभापति रवि लामिछानेले यसको कारण खुलाउनुभयो। "जब सञ्चारकर्मीका रूपमा रिपोर्टिङ गर्दै, समाचार खोज्दै कर्णाली आएको थिएँ, समाचार बोलेर समाचार बोकेर होइन एउटा अस्पताल दिएर जाने अवसर मैले पाएको थिएँ कालीकोटमा", उहाँले भन्नुभयो । "त्यही नाताको आधारमा अलिकति हक लगाएर भन्छु कर्णालीबाट बाचापत्र सार्वजनिक गर्नुको पछाडि अर्थ छ", सभापति लामिछानेले भन्नुभयो, "अर्थात् पछाडि पारिएको कर्णालीलाई अब पछाडि पार्न नदिने वाचासहित आजको वाचापत्र सार्वजनिक गर्नुको एउटा प्रमुख कडी हो।"

## निर्वाचनमा सरकारले सम्पूर्ण तागत लगाएको छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ७ फागुन



प्रधानमन्त्री सुशीला कार्कीले स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गरी मुलुकमा दिगो लोकतान्त्रिक स्थायित्वको नयाँ युगको ढोका उघार्ने प्रयत्नमा सरकारले सम्पूर्ण तागत लगाएको बताउनुभएको छ।

राष्ट्रिय प्रजातन्त्र दिवस २०८२ का अवसरमा आज सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले निर्वाचनबाट आउने संसद् र सरकारले लोकतन्त्रलाई अझ जीवन्त, नतिजामुखी र जनउत्तरदायी प्रणालीका रूपमा अघि बढाउने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री कार्कीले सबल लोकतन्त्रले असन्तोषलाई दमन नगर्ने र त्यसलाई सुधारको अवसरका रूपमा ग्रहण गर्नुपर्नेमा जोड दिनुभयो । "प्रजातन्त्रलाई अब शासकीय स्वरूपमा आएको प्राविधिक परिवर्तनका रूपमा मात्र कदापि हेरिनुहुँदैन । अब त खासमा यो एउटा जीवनशैली हो। यो इन्टरनेटमा हुने अभिव्यक्ति स्वतन्त्रतादेखि भान्छामा पाक्ने तरकारीको मूल्यसम्ममा झल्कनुपर्छ", उहाँले भन्नुभयो।

प्रधानमन्त्री कार्कीले लोकतन्त्र केवल प्रक्रिया मात्र नभएको उल्लेख गर्दै यसले नतिजा दिनुपर्छ भन्नुभयो । "विधिको शासन आवश्यक छ तर प्रक्रियाको नाममा नागरिकलाई अल्झाएर राख्नु, ढिलासुस्ती, हैरानी र प्रताडना दिनु पनि लोकतन्त्रको अभ्यास होइन। यो त बेथिति हो", उहाँले भन्नुभयो।

वर्तमान सरकारले जेनजी आन्दोलनको आवाजलाई गम्भीरतापूर्वक लिएको जनाउँदै प्रधानमन्त्रीले सुशासन, पारदर्शीता, समन्याय र जवाफदेहितालाई व्यवहारमा रूपान्तरण गर्ने दिशामा सरकारका प्रयास अभिमुख भइरहेको स्पष्ट पार्नुभयो । प्रजातन्त्र दिवसले संस्कारयुक्त राजनीति, जवाफदेही शासनशैली, सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न प्रेरित गरोस् भन्दै प्रधानमन्त्रीले राष्ट्र सबै नागरिकका लागि समान अवसर र सम्मानको साझा घर बन्नुपर्नेमा जोड दिनुभयो । "हाम्रो लोकतन्त्रको मुख्य चुनौती भ्रष्टाचार, स्रोतमा सीमित वर्गको हालीमुहाली र दण्डहीनता नै हो । ठूलो युवा पंक्ति पलायन भएर हाम्रा गाउँहरु खाली हुनुको प्रमुख कारण पनि यही नै हो", उहाँले भन्नुभयो।

**प्रजातन्त्रका मुलभूत मान्यता**

- ◆जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- ◆मौलिक हक र मानव अधिकार,
- ◆आवधिक निर्वाचन,
- ◆वालिग मताधिकार,
- ◆नागरिक स्वतन्त्रता,
- ◆स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- ◆कानूनी राज्यको अवधारणा,
- ◆पूर्ण प्रेस स्वतन्त्रता,
- ◆शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन।

नेपाल सरकार
विज्ञापन बोर्ड

## 'कुनै पनि किसिमका मत सर्वेक्षण नगर्न सञ्चारमाध्यमसँग अनुरोध छ'

**रासस**
काठमाडौं, ७ फागुन

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कुनै पनि किसिमका मत सर्वेक्षण नगर्न सञ्चारमाध्यमसँग अनुरोध गर्नुभएको छ।

दशौं निर्वाचन दिवसका अवसरमा बिहीबार निर्वाचन आयोगले आयोजना गरेको कार्यक्रममा उहाँले

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जावलाखेल युथ क्लव आहा ! रारा पोखरा गोल्डकपको फाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

जावलाखेल युथ क्लव २५ औं संस्करणको आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता-२०८२ को फाइनलमा प्रबेश गरेको छ।

पोखरा रंगशालाको फुटबल मैदानमा बिहीबार भएको दोश्रो सेमिफाइनल खेलमा जावलाखेल युथ क्लवले पाहुना टोली उज्वेकिस्तानको आबा फुटवल क्लवलाई १–० को गोल अन्तरले पराजित गर्दै आयोजक सहारा क्लवसंग फाइनलमा यात्रा तय गरेको हो । जावलाखेलको जितमा विपक्षि टोली आबा फुटवल क्लवबाट उपहार गोल प्राप्त गरेको हो । जावलाखेलका धिरेन्द्र कुवंरले प्रहार गरेको क्रसवललाई पोष्टनजिकै रहेका आबाका डिफेन्स खेलाडी खुसन गनिजानोभले बचाउन खोज्दा छातिमा लागेर गोल हुन पुगेको थियो।

खेलको ६५ औं मिनेटमा जावलाखेलका युवराज ढकालले आबा फुटवल क्लवका सार्दोरबेक मातमुरातोभलाई मुखमा प्रहार गरेसंगै रेफ्रि प्रज्वल क्षेत्रीले रेर्ड कार्ड देखाउदै मैदानबाट बाहिर पठाउनु भएको थियो । जावलाखेल १४ बर्ष पछि आहा रारामा पहिलो पटक फाइनलमा प्रवेस गरेको हो।

खेलमा म्यान अफ दी म्याच जावलाखेलका जोखिदजोन राखिमोभ घोषित हुदै नगद १० हजारको साथमा ट्रफी पुरस्कार प्राप्त गर्नु भएको छ। अखिल नेपाल फुटवल संघ (एन्फा) कास्कीका अध्यक्ष उज्वल रञ्जितले रेफ्रिलाई वल हस्तान्तरण गरी आजको खेलको शुभारम्भ गर्नु भएको हो। उज्वेकिस्तानका प्रशिक्षक लिन्डे डेभिड हेन्डरसनले सेमिफाइनल खेलमा राम्रो खेल प्रर्दशन गर्दा गर्दै पराजित हुनु परेको बताउनु भयो । जावलाखेलको दोश्रो हापको सुरुमै गोल भई रक्षात्मक( डिफेन्सिप) खेल्दा आफुहरुले पाएका केही अवसर सदुपयोग हुन नसकेको बताउनु भयो। नेपालमा हस्पिटालिटि निकै राम्रो भएको डेभिडले प्रशंसा गर्नुभयो।

जावलाखेलका प्रशिक्षक सुनिल कुमार श्रेष्ठले उज्वेकिस्तान विरुद्ध जित निकाल्न निकै कठिन भएको बताउनु भयो । शनिबार हुने फाइनल खेलमा उत्कृष्ट प्रर्दशन गर्ने उहाँले जनाउनु भयो। खेलमा अनुसासन महत्व हुने हुँदा आफ्ना एक जना खेलाडीले रेडकार्ड पाएको विषयमा स्वभाविक भएको उहाँले उल्लेख गर्नुभयो।

शनिबार दिउसो २:०० बजे फाइनल खेलमा जावलाखेल बिरुद्ध आयोजक सहारा क्लव बिच हुने भएको प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो।

हिमश्री फुड्सको उत्पादन रारा तयारी चाउचाउको मुख्य प्रायोजनमा प्रतियोगिता संचालन भएको हो । प्रतियोगितामा विजेताले १४ लाख १ हजार र उपविजेताले भने ७ लाख १ हजार रुपैयाको साथमा ट्रफी मेडल प्रमाणपत्र प्राप्त गर्ने भएका छन्। गत माघ २७ गतेदेखि सुरु भएको प्रतियोगिताम ३ विदेशी सहित १२ टिमको सहभागिता रहेको क्लवका अध्यक्ष केशव बहादुर थापाले बताउनु भयो।



मर्दी बेस क्याम्पबाट मौसम खुलेको दिन देखिएको माछापुच्छ्रे हिमाल । समुद्र सतहदेखि तीन हजार ५५० मिटरमा रहेको मर्दी हाई क्याम्पबाट माछापुच्छ्रे हिमाल सजिलै देख्न पाइन्छ। तस्वीर : रासस

# दोस्रो त्रिभुवन स्मृति कप सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन




पोखरा–२२ पुम्दी भुम्दीको ठुलिबिडी सिम्लेपाखा खेलमैदानमा बिहीबारदेखि सुरु भएको दोस्रो त्रिभुवन स्मृति कप फाइप ए साइड फुटवल प्रतियोगिता अन्तर्गत पहिलो दिन ११ वटा खेलहरू सम्पन्न भएका छन्।

प्रतियोगिताको अवसरमा पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा। लि।को सहकार्य मा सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरबाट १ सय जना सेवाग्राहीहरूले प्रत्यक्ष लाभ लिएको परिवर्तन युवा क्लबका अध्यक्ष सुदिप बरालले बताए।

शिविरमा सामान्य स्वास्थ्य परीक्षण, स्वास्थ्य परामर्श तथा आवश्यक औषधि वितरण गरिएको उनले जनाए। कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री रामजी प्रसाद बराल ९जिबन० ले उक्त प्रतियोगिताको उद्घाटन गर्दै क्लवले खेलको माध्यमबाट समाजमा जागरण सहित खेलप्रति आकर्षण बढाउने काम गरेको बताए । पोखरा २२ का वडाध्यक्ष हिमलाल बरालले वडामा हुने यस्ता कार्यक्रमले युवाहरुमा कुलबाट टाडा रहन प्रेरणा दिने बताए। क्लवका अध्यक्ष बरालको अध्यक्षतामा सम्पन्न उद्धाटन सत्रमा कार्यक्रममा क्लबकी उपाध्यक्ष सरस्वती बरालले स्वागत मनतव्य राखेकी थिइन भने क्लबकी सचिव दक्षिण बरालले कार्यक्रम्को संचालन गरीन् । उपस्थित अतिथिहरूले खेलकुदले समाजमा एकता, अनुशासन र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उल्लेख गर्दै प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गरेका थिए।

# नव आदर्शमा रक्तदान, ७७ युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन



पोखराको लामाचौरमा आयोजित वृहत रक्तदान कार्यक्रममा ७७ युनिट रगत संकलन भएको छ।

राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा अग्रणी सामाजिक संस्था नव आदर्श सामुदायिक विकास समाजले आयोजना गरेको कार्यक्रमको पोखरा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डे र १६ नं. वडाका अध्यक्ष अमृत शर्मा तिमिल्सिनाले संयुक्त रुपमा रक्तदाता नविन भण्डारी र बुद्धीबहादुर खत्री क्षेत्रीलाई ब्लड व्याग हस्तान्तरण गरी शुरुवात गरेका थिए।

२६ औं संस्करणको सो कार्यक्रममा बोल्दै वडाध्यक्ष पाण्डेले स्वस्थ्य व्यक्तिले आफ्नो ईच्छाले गर्ने रक्तदानले बिरामीलाई नयाँ जीवन दिने बताए । अर्का वडाध्यक्ष तिमिल्सिनाले मानव जीवनमा रक्तदान जस्तो पुण्य कार्य अरु हुनै नसक्ने बताउँदै, मानवीय सेवामा संस्थाले खेलेको भुमिकाको प्रशंसा गरे । प्रादेशिक रक्त संचार केन्द्रका महेन्द्र केसीले शरिरमा खेर जाने रगत प्रत्येक तीन तीन महिनामा दान गर्दा शरिर स्वस्थ हुने जानकारी दिए।

कार्यक्रममा संस्थाले आयोजना गरेको रक्तदानमा नियमित रुपमा २५ औं पटकसम्म रक्तदान गर्ने समाजका पुर्व अध्यक्ष नविन भण्डारीलाई सम्मान समेत गरिएको छ । सोही अवसरमा आजिवन सदस्यलाई प्रमाणपत्र प्रदान गरिएको सहसचिव राजकुमार पौडेलले जानकारी दिए। समाजका अध्यक्ष इन्जिनियर दिनेश भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत द्वीतिय उपाध्यक्ष हरिबहादुर थापा र संचालन सचिव शोभा बाँनियाले गरेकी थिईन्। प्रादेशिक रक्त संचार केन्द्र पोखराको प्राविधिक सहयोगमा भएको कार्यक्रममा एल सी ब्रदर्श युनाइटेड, युवा रेडक्रस सर्कल गण्डकी मावि, जुनियर रेडक्रस सर्कल इन्द्रराज्यलक्ष्मी मावि, अनुग्रहको सत्सङ्ग लामाचौरले सहकार्य गरेका थिए।

# कुनै पनि ...

मत सर्वेक्षणलाई निर्वाचन आचारसंहिताले निषेध गर्ने भएकाले यस्ता घटना भए कारबाही गरिने बताउनुभयो।

निर्वाचनका समयमा सत्य समाचारलाई झुट र झुट समाचारलाई सत्य बनाएर प्रस्तुत गर्नसक्ने भएकाले पनि सचेत हुन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले आग्रह गर्नुभयो । "राजनीतिक दलका समर्थकले पनि निर्वाचन आचारसंहिता पालना गरेर निर्वाचन गराउनतिर लाग्नुस्, सामाजिक सञ्जाल प्रयोग गरेर कसैलाई मानमर्दन नगरौं, सत्य र तथ्यमा आधारित भई काम गरौं, निर्वाचनमा सामाजिक सञ्जाल पेचिलो विषय भएकाले यसको प्रयोग गर्दा ध्यान दिऔं", उहाँले भन्नुभयो । कसैको दबाब र प्रभावमा नपरी सही प्रतिनिधि छान्न उहाँले मतदातालाई पनि आह्वान गर्नुभयो । सुरक्षाको बैठक गरेर निर्वाचन सुरक्षाका विषयमा नीति र रणनीति तय गर्न लागिएको जानकारी पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले सो अवसरमा गराउनुभएको थियो। निर्वाचन आचारसंहिता बाहिर गएर प्रचारप्रसार गरे जिल्लाजिल्लामा निर्वाचन अधिकृतको कार्यालयले कारबाही गर्ने भएकाले सचेत हुन पनि उहाँले ध्यानाकर्षण गराउनुभयो। पर्यवेक्षण गर्नेले तोकिएका काम मात्र गनुपर्नेमा आयोगले सचेत गराएको छ। धेरै भन्दा धेरै मत खसाल्न लगाउने र खसेका मत सबै सदर गराउने गरी काम गर्न उहाँले मतदाता शिक्षामा संलग्न स्वयंसेवक, निर्वाचन प्रक्रियामा खटिएका कर्मचारी, सुरक्षाकर्मी र सम्बद्ध सबैमा अनुरोध गर्नुभयो । निर्वाचनमा सानो गल्तीले पनि ठूलो समस्या आउन सक्ने भएकाले उच्च मनोबलका साथ सचेत भएर काम गर्नुपर्नेमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जोड दिनुभयो । आयोगका सचिव कृष्णबहादुर राउतले फागुन २१ गतेको निर्वाचनका लागि जिल्लाजिल्लामा मतदान अधिकृत तोक्ने र तालिम दिने काम भइरहेको जानकारी गराउनुभयो।

निर्वाचन शिक्षासम्बन्धी धेरै विषय आयोगले वेबसाइट र आयोगको आधिकारिक सामाजिक सञ्जालका पृष्ठबाट राखिरहेको पनि उहाँले उल्लेख गर्नुभयो । अहिले देशभरका छ हजार ७४३ वटै वडामा मतदातालाई शिक्षा दिने काम भइरहेको सचिव राउतले जानकारी दिनुभयो । निर्वाचनलाई पारदर्शी बनाउन यसपटक आयोगले खर्च व्यवस्थापन कार्यविधि पारित गरी राजनीतिक दल र उम्मेदवारले पनि निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोल्नुपर्ने व्यवस्था गरेको जानकारी उहाँले उल्लेख गर्नुभयो।

# तमु साँस्कृतिक प्रतिष्ठान नेपालको २५औं वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन




तमु साँकृतिक प्रतिष्ठान नेपालले आफ्नो २५ औं बार्षिकोत्सव भव्य रुपमा मनाएको छ। प्रतिष्ठानले बुधबार पोखरामा एक कार्यक्रमको आयोजना गरि स्रष्टालाई सम्मान एवम् विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्दै भव्य रुपमा मनाएको हो।

वरिष्ठ समाजसेवी, तमु धिं नेपालका संस्थापक अध्यक्ष, प्रमुख सल्लाहकार एवम् परमसंरक्षक तथा प्रतिष्ठानका अक्षयकोष दाता श्री कर्म तमुको प्रमुख आतिथ्यता तथा प्रतिष्ठानको अध्यक्ष श्रीजङ तमुको सभापतित्वमा सम्पन्न कार्यक्रममा ५ जना स्रष्टाहरुलाई सम्मान गरिएको थियो। कार्यक्रममा 'पार्वता तमु स्मृति पुरस्कार'द्वारा समाजसेवी कृष्णबहादुर तमु 'घनबहादुर तमु स्मृति सम्मान'द्वारा साहित्यकार तीर्थ तमु, 'क्या. मिनबहादुर तमु स्मृति सम्मान'द्वारा नृत्य निर्देशक गमबहादुर परियार (गम्भीर बर्देवा), 'लालशोभा उत्कृष्ट आमा अवार्ड'द्वारा स्याङ्जाका प्रतीक्षा तमु र 'उच्च शिक्षा पुरस्कार'द्वारा पृथ्वी नारायण क्याम्पस, बगरमा स्नातक तहमा अध्ययनरत विद्यार्थी रितिका तमु सम्मानित भएका छन्। उनीहरुलाई सम्मानपत्र, नगद, फेटा/क्रमु, माला तथा खादाले सम्मान गरेको थियो । कार्यक्रममा तमु धिं यु.के.द्वारा तेक्वान्दो खेलाडी रेखामाया तमु र टेनिस खेलाडी साल्दी तमुलाई नगद, प्रमाणपत्र, एवम् खादा माला लगाएर सम्मान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि तमुले सम्पूर्ण सम्मानित व्यक्तित्वहरुलाई बधाई ज्ञापन गर्दै प्रतिष्ठानले शिक्षा क्षेत्रमा यति उत्कृष्ट कार्य गरिरहेको कुरालाई समुदायले महत्त्वपूर्ण रुपमा बुझिदिएर गरिब जेहेन्दार विद्यार्थीहरुले राम्रो शिक्षा हासिल गर्न प्रेरणा प्रदान गर्न अझ धेरै जनाले थप अक्षयकोष स्थापना गरिदिन पनि आह्वान गर्नुभएको थियो।

यस्तै रजत जयन्तीको अवसरमा आयोजित कार्यक्रममा संस्थापक कार्यसमितिका पदाधिकारीहरु अध्यक्ष खेमबहादुर तमु, उपाध्यक्ष तेजबहादुर तमु, उपाध्यक्ष झम तमु, उपाध्यक्ष दुर्गाबहादुर तमु, उपाध्यक्ष चित्रबहादुर तमु, सदस्य सचिब हेमचन्द्र तमु, सचिब भेषबहादुर तमु, कोषाध्यक्ष सविता तमु, सदस्यहरु डमरबहादुर तमु, श्रीप्रसाद तमु र गणेश तमु तथा वर्तमान सल्लाहकार संयोजक एवम् पूर्व अध्यक्ष चिजकाजी तमुलाई समेत सम्मान गरिएको थियो । यसका साथै प्रवासमा बसेर पनि सन्चार क्षेत्रमा निरन्तर योगदान पुर्याइरहनु भएका गोर्खा मिडियाका प्रबन्ध निर्देशक मिलन तमुलाई पनि सम्मान गरिएको छ। उहाँहरुलाई सम्मानपत्र, फेटा, माला र खादाले सम्मान गरिएको थियो । संस्थापक अध्यक्ष, सल्लाहकार एवम् राष्ट्रिय ओलम्पिक एकेडमीका अध्यक्ष तेजबहादुर तमु, सम्मानित स्रष्टा तीर्थ तमु, प्रतिष्ठान विद्यार्थी समितिका अध्यक्ष सुदिप तमु, संस्थाका द्वितीय उपाध्यक्ष ओमबहादुर तमु, सह-सचिब लोकबहादुर तमु लगायतले मन्तव्य राखेको यो कार्यक्रममा संस्थाको बर्षभरिको गतिविधि र विद्यार्थीहरुको लेख, रचना समेटिएको बुलेटिन पनि प्रकाशित गरेको छ। कार्यक्रममा गत बर्षको बुलेटिनमा संस्थाबाट छात्रवृत्ति प्राप्त सूर्योदय मा.वि., घाम्राङ, लमजुङका विद्यार्थी रेनुकाद्वारा लिखित लेख 'पीडा र प्राप्ती' अध्ययन गरेर मन छोएको हुनाले 'तमु (गुरुङ) समाज कतार'का पूर्व अध्यक्ष, हाल साउदीमा कार्यरत खुशीमान तमुले प्रोत्साहन स्वरुप नगद २ हजार ५ सय २५ रुपैयाँ सहयोग गरेका छन्।

यसैगरी पर्वत जिल्ला, राम्जाका जीवन तमुद्वारा स्थापित अक्षयकोष रकम १ लाख २५ हजार रुपैयाँ उहाँकि आमा तीर्थकुमारी तमुले हस्तान्तरण गरेका थिए भने संस्थापक सदस्य श्रीप्रसाद तमुले पनि संस्थालाई ५१ हजार ५ रुपैयाँ आर्थिक सहयोग गरेको यस कार्यक्रममा सम्मानित व्यक्तित्व तीर्थ तमु र कृष्णबहादुर तमु द्वयले सम्मान रकम ५ हजार १० रुपैयाँ थपेर प्रतिष्ठानलाई आर्थिक सहयोग गरे। रजत जयन्तीको अवसरमा गत कात्तिक २९ मा महानगर स्तरीय निबन्ध लेखन प्रतियोगिता र पुस ४ गते पुनर्मिलन कार्यक्रम समेत सम्पन्न गरि सकेको संस्थाले बार्षिकोत्सवको अवसरमा आयोजना गरिएको स्रष्टा सम्मान कार्यक्रममा हिमाली साँस्कृतिक परिवार, चिउलीपार्चे तमु समाज, पोचोको तमु समाज, ताङतिङ दूधपोखरी तमु समाजका कलाकारहरु एवम् तमु प्रतिष्ठानका विद्यार्थीहरुको सुन्दर नृत्य प्रस्तुतिले कार्यक्रमलाई थप रौनक बनाएको थियो।

उक्त कार्यक्रम प्रतिष्ठानका सचिव कन्चन तमुले सन्चालन गरेको थियो भने संस्थाको रजत जयन्तीको अवसरमा अझै केही कार्यक्रमहरु बाकी रहेको प्रतिष्ठानका अध्यक्ष श्रीजंग तमूले जानकारी दिए।

# राष्ट्रिय ...

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्साल, जिल्ला समन्वय अधिकारी नवराज बराल, कास्कीका प्रहरी प्रमुख नविन कार्की, विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु उपस्थिति रहेको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# चुनावको नाममा उपभोक्ता ठगीमा

चाडपर्व आयो भने सरकारी निकायहरू बजार अनुगमनमा देखिन्छन् । चाडपर्वमा अरु बेला भन्दा बढी खाद्यान्न र लत्ताकपडा खरिदबिक्री विक्री बढी हुन्छ । चाडपर्वमा घर जाने र थाकथलोमा पुग्ने गर्छन । यातायातका साधन नहुनुले सार्वजनिक यातायात प्रयोग गर्नुपर्छ । यस्तो बेला बढी मूल्य नलेउन र सहज आपूर्ति होस भनी अनुगमन आवश्यक हुन्छ । चाडपर्व मात्र होइन मेला महोत्सव र चुनावको बेला पनि मत दिन घर जाने र प्रचार प्रसारका बेला भिडभाड हुन्छ । यस्तो बेला कमाउन पाइन्छन् भनेर बढी मूल्य लिने र अभाव खडा गर्ने गरिन्छ ।

उपभोक्ता ठगिन नदिन र आपूर्ति व्यवस्था राम्रो बनाउन बजार अनुगमन जरुरी हुन्छ।बजार अनुगमन सधैं र नियमित गर्नुपर्छ। तर, नेपालमा भने दसैं-तिहारका बेला मात्रै बजार अनुगमनको ‘नाटक’ प्रदर्शन हुँदै आएको छ । चुनावका बेला पनि महँगी बढ्छ भनेर फेरि त्यही नाटक पुनरावृत्त हुन्छ भने त्यो लाचारीमात्रै हो । बजार अनुगमनलाई हरेक दिनको कर्तव्य जहिलेसम्म राज्यले ठान्दैन, तबसम्म उपभोक्ता महँगीको मारमा मात्रै होइन, ठगीमा पनि परिरहन्छन् ।

अहिले ग्यासको मात्रै कुरा गर्दा आपूर्ति मासिक खपतभन्दा ज्यादा छ । यसको मतलब बजारमा कृत्रिम अभाव रचिएको छ। सरकार आफैंले आयात गरेको वस्तुको समेत समुचित अनुगमन गर्न सक्दैन भने अरू केको गर्ला ? कृत्रिमै सही जब अभाव हुन्छ तब उपभोक्ताले पनि अनावश्यक रूपमा जोहो गर्न थाल्छन् र झन् अभाव बढ्छ । हो, यहींनेर राज्यको अनुगमनको कडाइ आवश्यक हुन्छ । यहाँ अभाव ग्यासको भन्दा राज्यसँगको विश्वासको हो भन्ने बुझ्न कठिन छैन ।

चुनावको बेला दलले जनतालाई राहत र सहज आपूर्तिको लागि प्रतिस्पर्धा हुनुपर्ने हो । जनतालाई झन् बढी राहत दिनुपर्ने हो । तर, विडम्बना यही समयमा कालोबजारी मौलाएको छ । दलहरू भोट माग्न व्यस्त छन्, व्यापारी नोट कमाउन । राज्य नदेखेको जस्तो छ। राज्यका यस्तै कमजोरी र निरीहताले नै हो देशमा वितृष्णा बढाएको छ । युवा विदेश पलायन मौलाएको । चुनाव आउँछ र जान्छ । तर, नागरिकको जीवनचर्या सधैं पीडारहित चलिरहनुपर्छ । त्यसका लागि राज्यले बजार अनुगमनको दरिलो प्रणाली बसाल्नुपर्छ । चाहे चाडपर्व आऊन् या चुनाव जहिलेसुकै पनि महँगी नियन्त्रित हुनुपर्छ । उपभोक्ताको घाँटी निमोठ्ने कृत्य अन्त्य हुनुपर्छ ।

प्रणाली बसेन भने सरकार फेरिए पनि ठगी र महँगी फेरिन्न । यहाँ सरकार र नेता फेरिनुभन्दा पहिला प्रवृत्ति फेरिनु आवश्यक छ । उपभोक्ता बलियो र सशक्त हुने थिति बसालिनुपर्छ । राज्यले खुला बजारका नाममा कुनै पनि वस्तुको अनावश्यक महँगी र कृत्रिम अभावमा आँखा चिम्लनु हुँदैन । चुनावमा उम्मेदवार वा नेता खुसी पारेर जनताको ढाड सेक्ने र व्यापारी पोसाउने काम गर्न मिल्दैन । अझ, नयाँ व्यवस्था स्थापना गर्ने भनेर कसिएका उम्मेदवारहरू यो दुष्चक्रमा फस्नुहुन्न ।

जनताको बिहान, बेलुकीको भान्सा जति सहज भयो, त्यति खुसियाली छाउने हो भन्ने यथार्थ भुल्नुभएन । यो यथार्थ भुलेर कालोबजारीमा रुमलिने नेता, व्यापारी कसैलाई पनि जनस्तरबाट सजाय दिने बेला पनि चुनावै हो । नारा के लगायो होइन काम के गरेको छ हेर्नुपर्छ । बाहिर बसेर विरोध गर्न जति सजिलो छ कुर्सीमा पुगेपछि गर्न गाह्रो छ भन्ने सुशीला कार्की नेतृत्वको जेनजी सरकारले देखाएको छ । कानुन कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी बोकेको सरकारले आफ्ना बोली र काम के भएका छन भनेर सोच्ने बेला आएको छ । जनताले खेपेको प्रताडना हटाउन सरकारी निकायु सक्रिय हुनुपर्छ । नागरिक समाज, मिडिया सबैले यसतर्फ ध्यान केन्द्रित गर्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा बाघ गणना सकियो

**रासस**
चितवन, ७ फागुन

चितवन र पर्सा राष्ट्रिय निकुञ्ज कम्प्लेक्समा बाघ गणना सकिएको छ । गत पुस ३ गतेदेखि सुरु गरिएको बाघ गणना बिहीबार सकिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार तेस्रो ब्लकको काम सकिएर क्यामेरा सङ्कलनको काम आज सकिएको छ । उहाँले भन्नुभयो, “तीनवटै ब्लकमा १३ टोलीले काम गरेको हो ।” उहाँका अनुसार पहिलो ब्लक त्रिवेणी, अमलटारी, कसरा, हुँदै बरण्डाभार क्षेत्रलाई पहिलो भाग बनाएर गणना गरिएको थियो । पहिलो ब्लकलाई २८६ वटा ग्रिड बनाएर गणना गरिएको थियो । क्यामेरा उठाएपछि दोस्रो भागमा जडान गरी गणना सुरु गरिएको थियो । दोस्रो भागमा १३ क्याम्प बनाएर गणना गरिएको सूचना अधिकारी थापामगरले बताउनुभयो । यस भागअन्तर्गत सौराहा, खगेन्द्रमल्ली हुँदै लोथर प्रतापपुर, बोटे सिमारा, स्वमेश्वर, बगइ, अम्बुवा, सिकारी बाससम्मको क्षेत्रमा क्यामेरा जडान गरेर गणना गरिएको थियो । सो ब्लकलाई ३३६ ग्रिडमा विभाजन गरेर बाघ गणना गरिएको हो । पर्सा राष्ट्रिय निकुञ्जलाई तेस्रो ब्लक वनाएर गणना गरिएको थियो । सो ब्लकमा ३३६ ग्रिड निर्माण गरिएको सूचना अधिकारी थापामगरले जानकारी दिनुभयो । उहाँका अनुसार एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखेर गणना गरिएको हो । एउटा ब्लकमा १७ रात क्यामेरा राखेर काम गरिएको हो । चितवन-पर्सा ब्लकमा ९५८ वटा ग्रिड बनाएर बाघ गणना गरिएको हो । दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिएको हो ।

“अहिले क्यामेरा उठाएर ल्याउने क्रम जारी छ”, सूचना अधिकारी थापामगरले भन्नुभयो । हरेक चार वर्षमा बाघ गणना गरिँदै आएको छ । निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंमसेवी, विद्यार्थी र संरक्षणका साझेदार गणनामा सहभागी भएका थिए ।

गणकहरूले भूगोलअनुसार आठदेखि बाह्रसम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने गरेका थिए । बाघको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुट्याइन्छ । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ बयस्क बाघ रहेका तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ बाघ भेटिएका थिए ।

# कांग्रेसको प्रतिज्ञापत्रमा गैरआवासीय नेपालीका मुद्दा

**रासस**
काठमाडौं, ७ फागुन

नेपाली कांग्रेसले विदेशमा बस्ने गैरआवासीय नेपालीहरूका मुद्दालाई प्रष्टसँग प्रतिज्ञापत्रमा उल्लेख गरेको छ । कांग्रेस सभापति गगनकुमार थापाले राजधानीमा बिहीबार आयोजित कार्यक्रममा प्रतिज्ञापत्रको पूर्णपाठ सार्वजनिक गर्नुभएको हो ।

प्रतिज्ञापत्रको १७० देखि १७४ पृष्ठसम्म ‘नेपाली डायस्पोराः अटुट सम्बन्ध, विस्तारित नेपाल’ शीर्षक दिएर प्रष्ट्याएको छ। सुरूमै कांग्रेसले गैरआवासीय नेपाली सङ्घले उठाउँदै आएको ‘एक पटकको नेपाली सधैंको नेपाली’लाई आत्मसात् गर्दै नागरिकताको निरन्तरता, सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गरेर डायस्पोराका सबै पुस्ताको भावना, ज्ञान, सीप र पुँजीलाई देशको समुन्नतिका लागि जोड्ने उल्लेख गरेको छ ।

“विश्वको जुनसुकै कुनामा रहे पनि आफ्नो माटोप्रतिको स्नेह बोकेका लाखौं नेपालीको भावनामा आज ‘विस्तारित नेपाल’ जीवन्त छ। मातृभूमिको सामाजिक, सांस्कृतिक र आर्थिक प्रगतिमा डायस्पोराको योगदान उल्लेखनीय रूपमा बढ्दै गएको वर्तमान अवस्थामा उनीहरूको इज्जत र सम्मानलाई नेपालको समृद्धिसँग जोड्नु अनिवार्य भइसकेको छ”, कांग्रेसको प्रतिज्ञापत्रमा उल्लेख छ। नेपाली डायस्पोराको प्रमुख माग र भावनालाई कदर गर्दै नागरिकताको निरन्तरतालाई सुनिश्चित गर्नु आजको प्राथमिक आवश्यकता रहेको उल्लेख गरिएको छ । प्रतिज्ञापत्रमा अगाडि भनिएको छ, “गैरआवासीय नेपालीको नागरिकता, पैतृक सम्पत्ति र मतदानको अधिकारलाई कानुनी रूपमै ग्यारेन्टी गर्नका लागि विद्यमान बाधक कानुनलाई परिमार्जन गर्दै एउटा एकीकृत गैरआवासीय नेपाली ऐन ल्याउनुपर्ने देखिन्छ ।” एनआरएन नागरिकता लिए पनि अहिले उक्त नागरिकता कागजको खोस्टोको रुपमा परिणत भएको चर्चा भइरहेका बेला कांग्रेसले त्यसलाई कामकाजी बनाउन भूमि, अध्यागमन, कम्पनी र श्रमजस्ता क्षेत्रमा रहेका कानुनी जटिलतालाई फुकाएर डायस्पोरालाई नेपाली नागरिकसरहकै सुविधा र सुरक्षा प्रदान गर्ने कुरा उल्लेख गरेको छ ।

त्यसैगरी वर्षौंदेखि नेपालमा गैरआवासीय नेपालीको नोट चल्ने तर भोट नचल्ने विषयको बहस भइरहेका बेला कांग्रेसले विदेशबाट पनि मतदान गर्न पाउनुपर्ने आवाजलाई प्रतिज्ञापत्रमा समेटेको छ । “विशेषगरी सर्वोच्च अदालतको आदेशको सम्मान गर्दै विदेशमा रहेका नेपालीलाई त्यहींबाट मतदान गर्न पाउने व्यवस्थाका लागि निर्वाचन कानुनमा गरिने संशोधनले उनीहरूलाई राष्ट्रिय मूलधारसँग प्रत्यक्ष जोड्नेछ”, प्रतिज्ञापत्रमा उल्लेख छ । यसैगरी, नेपालको आर्थिक समृद्धिमा गैरआवासीय नेपालीको भूमिका महत्वपूर्ण हुने कुरालाई पनि प्रतिज्ञापत्रमा सम्बोधन गरिएको छ । “आर्थिक दृष्टिकोणले डायस्पोराको पुँजीलाई नेपालको पूर्वाधार विकासमा जोड्नु राष्ट्रिय अर्थतन्त्रका लागि कोशेढुङ्गा सावित हुन सक्छ । लगानीमैत्री वातावरण सिर्जना गर्न गैरआवासीय नेपालीलाई नेपालको पुँजी बजारमा सहज पहुँच पुऱ्याउने र दोहोरो कर प्रणाली अन्त्यका लागि विभिन्न देशसँग द्विपक्षीय सम्झौता गर्नु आवश्यक छ”, प्रतिज्ञापत्रमा उल्लेख छ ।

केवल आर्थिक रेमिट्यान्स मात्र नभई, विदेशमा आर्जन गरेको ज्ञान, सीप र प्रविधि नेपालको विकासका लागि झन महत्वपूर्ण छ । उच्च दक्षता हासिल गरेका नेपाली विज्ञको पहिचान गरी उनीहरूलाई देशको नीतिनिर्माण र अनुसन्धानमा जोड्न नलेज एण्ड इनोभेसन सेन्टर जस्ता संयन्त्रले ठूलो भूमिका खेल्न सक्छन् । डायस्पोराको दोस्रो र तेस्रो पुस्तामा नेपालप्रतिको लगाव र अपनत्व कायम राख्न विशेष सांस्कृतिक र शैक्षिक कार्यक्रम सञ्चालन गर्ने कुरामा पनि जोड दिइएको छ ।

# जन्मदिनको खर्च रकम फोटो पत्रकारलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन



यूकेमा रहेका सचित गुरुङको १९ औं जन्मदिनको अवसरमा उनका बाबा चन्द्रबहादुर र आमा शान्ता गुरुङले नेपाल फोटो पत्रकार संघ (एनपिजेए), कास्कीलाई आर्थिक सहयोग गरेका छन् ।

छोराको जन्मदिनमा गुरुङ दम्पतीले एनपिजेए कास्कीले सञ्चालन गरेको ‘फोटो पत्रकार अक्षयकोष’ मा २५ हजार रुपैयाँ सहयोग गरेका हुन् । सहारा क्लब पोखराले सञ्चालन गरेको आरा रारा पोखरा गोल्डकपमा सहभागी भएको समयमा सचितका बाबा चन्द्रबहादुर गुरुङले नेपाल फोटो पत्रकार संघ, कास्कीका सचिव धनबहादुर गुरुङलाई उक्त रकम हस्तान्तरण गरेका हुन् ।

कोल्मा बहाकोट समाज यूकेका अध्यक्ष, सहारा यूकेका सल्लाहकार र सहारा क्लब, पोखराका सदस्य समेत रहेका गुरुङ आहारारा पोखरा गोल्डकपका लागि नेपाल आएका हुन् । नेपाल आएको समयमा उनले विभिन्न ठाउँमा सामाजिक सेवा पनि गरिरहेका छन् । सहयोग ग्रहण पछि एनपिजेए कास्कीका सचिव गुरुङले अक्षयकोष दातालाई धन्यवाद दिदैं यस्तै सहयोगले कोषको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताए । उक्त रकम फोटो पत्रकार हरुको वृत्तिविकासमा खर्च गरिने उनको भनाइ थियो । छोरा सचितको जन्मदिनको अवसरमा गुरुङ दम्पतिले पोखरा छोरेपाटनमा रहेको मानव सेवा आश्रममा २५ हजार ५ सय रुपैयाँ नगद र बेलुकाको खानासहित खाद्यान्न सहयोग गरिसकेका छन् । साथै, सहारा क्लब, पोखराले सञ्चालन गरेको सहारा एकेडेमीमा रहेका बालकहरुलाई पनि बेलुकाको खाना र खाद्यान्न सहयोग उपलब्ध गराएका थिए ।

चन्द्रबहादुर र शान्ता गुरुङ दम्पतीले यूकेमा गोर्खा हिल क्यास एण्ड क्यारी सञ्चालन गरिरहेका छन् । सचित अहिले यूकेमै सिभिल इन्जिनियरिङ पढिरहेका छन् ।

# कास्कीमा मुटु, बर्न र बाल अस्पताल स्थापना गर्ने मनोज गुरुङको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन



प्रतिनिधि सभा कास्की क्षेत्र नं ३ का कांग्रेस उम्मेद्वार मनोज गुरुङले कास्कीमा सुविधासम्पन्न मुटु, बर्न र बाल अस्पताल स्थापना गर्ने प्रतिबद्धता जनाएका छन् । उनले आफ्नो चुनावी संकल्पमा यो विषयलाई प्राथमिकताका साथ उठाएका छन् । गत वर्ष भ्रमण वर्ष उद्घाटनका क्रममा आगलागी हुँदा तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरामा मेयर धनराज आचार्य गम्भीर घाइते भएका थिए ।

त्यसैबेलादेखि पोखरामा सुविधासम्पन्न बर्न अस्पतालको चर्चा चलिरहेको छ । पोखरा महानगरपालिकाको प्रयासमा आइएनएफ अस्पताल (हरियोखर्क अस्पताल) मा ‘बर्न युनिट’ अर्थात् जलन उपचार सेवा शुरू भएको छ । यसले प्रारम्भिक उपचारमा सहयोग पुऱ्याए पनि पूर्णरूपमा सुविधासम्पन्न बर्न अस्पतालको आवश्यकता अझै रहेको उनको भनाइ छ ।

कांग्रेस उम्मेद्वार गुरुङ संकल्पमा भनेका छन्, ‘ कास्कीमा विशेषज्ञ सेवासहितको सुविधासम्पन्न मुटु, बर्न र बाल अस्पतालको आवश्यकता रहेको उल्लेख गर्दै यसको स्थापनाका लागि आवश्यक पहल गर्नेछु ।’ उनले पोखरालाई गण्डकी प्रदेशकै स्वास्थ्य केन्द्रका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याउँदै संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरेर आवश्यक बजेट र संरचना जुटाउने बताए । उनले स्वास्थ्य सेवा सर्वसुलभ र सहज बनाउन दीर्घकालीन योजना आवश्यक रहेको पनि उल्लेख गरे । स्थानीय स्तरमै गुणस्तरीय उपचार सेवा उपलब्ध भएमा बिरामीलाई राजधानी धाउनुपर्ने बाध्यता अन्त्य हुने उनको विश्वास छ ।

# पोखरा ७ मा उम्मेदवार बास्तोलाको घरदैलो

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन



नेपाली काँगेसको तर्फबाट कास्की निर्वाचन क्षेत्र नं २ का उम्मेदवार माधव प्रसाद बास्तोलाको घरदैलो कार्यक्रम तीव्र पारिएको छ । बुधबार पोखरा-७ का विभिन्न टोलमा उम्मेदवारसहित काँग्रेसका नेता तथा कार्यकर्ता बिहानैदेखि मतदाताको घरदैलोमा पुगेर सुझाव संकलन र मत माग्न व्यस्त देखिन्थ्य ।

पोखरा-७ को मासवारबाट सुरु गरिएको घरदैलो कार्यक्रम शान्तिनगरचोक नुवारथोक, बुलौदी, रत्नचोक, राष्ट्रबैंक चोक, टुरिष्ट वसपार्क, माछापुच्छ्रे टोल, अन्नपूर्णटोल, सिमलचौर,मुस्ताङ्ग चोक,प्रगतिनगर, घारिपाटन, राधकृष्ण टोलमा घरदैलो कार्यक्रम गरिएको जानकारी नेपाली काँग्रेस वडा नं ७ का सभापति नवीन बरालले दिए । भोट माग्दै गरेका उम्मेदवार बास्तोलालाई वुढावुढीदेखि जेन्जीसमुहले विजयको आर्शीवाद दिएका थिए । घरदैलोसँगै रत्नचोकमा गरिएको कोण सभालाई सम्बोधन गर्दै उम्मेदवार बास्तोलाले जेन्जी समुहका माग काँग्रेसले पुरा गर्ने बताए । नेपाली काँग्रेस सुशासन, समृद्धि र जेन्जीका मागलाई सम्बोधन गर्दै काँग्रेस अगाडि वढ्छ, उनले भने- “काँग्रेस खुला किताव हो, यहाँ जुनसुकै मानिस पनि स्वतन्त्र रुपमा आफ्ना हरेक क्रियाकलाप गर्न सक्ने वातावरण काँग्रेसमा मात्र छ, अरु पार्टीका छैन ।” लामो समयदेखि प्रजातन्त्रका लागि लड्दै आएको नेपाली काँग्रेस बलियो पार्टी भएको देख्ने चाहना हरेक नेपालीको चाहना भएकाले त्यसै अनुसार पार्टी अगाडि वढ्ने भनाइ उनको छ । काँग्रेसले विशेष महाधिवेशनबाट पार्टी सभापति युवालाई नै सुम्पिएको बताउँदै उनले आफ्नो विचारमा स्पष्ट रहेको नेपाली काँग्रेस संविधान संशोधन मार्फत संविधानका त्रुटी कमजोरी सच्याएर अगाडि वढ्ने प्रतिवद्धता मतदाता माझ व्यक्त गरे । घरदैलो कार्यक्रममा नेपाली काँग्रेसका नेता सोभियत बहादुर अधिकारी,बीरेन्द्रनारायण विजुक्छे, दुर्गा तिमिल्सेना, किरण केसी, केशर निर्दोषी लगायतका नेता सहभागी थिए । त्यसैगरी मंगलबार पोखरा-१५ को कोलपाटन, रामबजार,नयाँगाउँ, टुटुङ्गा हरियोखर्क लगायतका स्थानमा मतदाताको घरदैलो कार्यक्रम सम्पन्न भएको छ । घरदैलोको क्रममा खानेपानी, पुल,सडक, ढल लगमस्या ।यतका स ।यतका समस्या मतदाताले राखेका थिए । घरदैलोकै क्रममा हरियोखर्क निवासी ६७ वर्षीया बिभा तामाङले माधबप्रसाद बास्तोलासहितको समुह भोट माग्न पुग्दा कुलतमा फसेका युवालाई सही बाटोमा ल्याउन माग राखेकी थिइन् । जेन्जी समुहकै युवाहरु कुलतमा छन्, उनीहरुलाई सही बाटोमा ल्याउने काम नेपाली काँग्रेसले गर्नुपऱ्यो ।

# पोखरा १६ मा कास्की २ का एमाले उम्मेदवार रश्मि आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

नेकपा (एमाले) का केन्द्रिय सदस्य तथा कास्की इन्चार्ज कृष्ण थापाले आफुहरू बृहत एकता सहित निर्वाचनमा होमिएकोले सबैजना सुक्ष्मरूपले निर्वाचनको तयारीमा जुट्न आग्रह गरेका छन् ।

पार्टीको नीति र कार्यदिशा मुताविक कास्की २ का जनताले प्रभावशाली बौद्धिक युवा उम्मेदवार उठाएको बताउँदै उनले पोखराको व्यवस्थित विकासमा रश्मि आचार्यको जित अपरिहार्य भएको जिकिर गरे । एमाले नेता थापाले एमाले कास्की २ का उम्मेदवार रश्मि आचार्यको मतदाता साक्षात्कार कार्यक्रमको पोखरा १६ मा शुभारम्भ गर्दै उक्त कुरा बताएका हुन् । उनले देश र जनताको सेवा तथा पार्टीको नीति निर्णयमा सधैं आफूहरु प्रतिबद्ध रहेको बताए । बजारमा



फैलाइएका निराधार हल्लाहरूले एमाले कमजोर नहुने उनले उल्लेख गरे । सो अवसरमा उम्मेदवार रश्मि आचार्यले माटोको कसम खाएर आफू राजनीतीमा सेवा भावले उत्प्रेरित भएर लागेको बताए । जनहित र विकास बाहेक आफ्नो कुनै स्वार्थ नरहेको उनको भनाई छ। 'कार्ययोजना र कार्यान्वयनको प्रष्ट खाका प्रतिबद्धता पत्र मार्फत सार्वजनिक गरेको छु ।' उनले भने–'अब विकास र समविकास सँगसँगै एकसाथ गर्नुपर्नेछ । यस कार्यका लागि तपाईहरुको साथ र सहयोगले नै मेरो जीत सम्भव छ ।' त्यसैगरि एमाले केन्द्रिय सदस्य प्रभा कोइरालाले आम युवा र कास्कीको भरोसाको उम्मेदवार आचार्य पाउनु गौरवको विषय भएको बताईन् । श्रमजीवी महिला, युवा र श्रमिकहरूका पक्षमा प्रष्ट विचार दिन सक्ने उम्मेदवार आचार्य भएको जिकिर गर्दै उनले कास्की २ अर्को अग्रगामी छलाङको लागि तयार भएको उल्लेख गरिन् । समानुपातिक उम्मेदवार दिपक पौडेलले समन्यायिक विकास र सबै क्षेत्रको सन्तुलित विकासको अवधारणा तयार पार्ने पार्टी एमाले भएको हुँदा ढुक्कसँग एमालेलाई जिताउन आग्रह गरे । एमालेका वरिष्ठ नेता सोमनाथ अधिकारी प्यासीले कास्की २ ले चम्किलो सूर्य झन तेजिलो बनाउने भन्दै देश र जनताका लागि काम गर्ने उर्जावान उम्मेदवार आचार्य नै जनताको रोजाईमा रहनेमा आफू विश्वस्त भएको उल्लेख गरे । सो पार्टीका निवर्तमान प्रदेश कमिटी सदस्य तेजनारायण अधिकारी, पोखरा महानगर कमिटी अध्यक्ष जीवनप्रसाद आचार्य सहित उल्लेख्य नेता कार्यकर्ताको सहभागिता रहेको थियो । जनताको घरदैलो अभियानमा रहेका आचार्यलाई जिताउन स्थानीयहरू उत्साहका साथ लागि परेको एमाले पोखरा १६ का वडा कमिटि अध्यक्ष यमनकाजी गुरुङले जानकारी दिए ।

# गण्डकी आदर्श एकेडेमीको २७ औँ वार्षिकोत्सव तथा अभिभावक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

पोखरा १३ लामोडहरमा रहेको गण्डकी आदर्श एकेडेमीले आफ्नो २७ औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ ।

बिहिवार स्कुल परिसरमा बिभिन्न कार्यक्रमहरु समावेश गरि २७ औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको भाईस प्रिन्सिपल जित बहादुर थापाले जनाकारी दिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी विश्वबिद्यालयका उपकुलपति डा. कृष्णराज अधिकारीले गण्डकी आदर्श एकेडेमीले शैक्षिक क्षेत्रमा पुर्‍याउँदै आएको योगदान प्रशंसनीय रहेको बताए। उनले विद्यालयले अनुशासन,



गुणस्तरीय शिक्षा र अतिरिक्त क्रियाकलापलाई सँगसँगै अघि बढाउँदै विद्यार्थीको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे ।

बिद्यालयका अध्यक्ष खड्क बहादुर गुरुङले विद्यालयको शैक्षिक गुणस्तर सुधारमा शिक्षक, अभिभावक र विद्यार्थीको साथ र सहयोगको आवश्यकता रहेको बताए । विद्यालयका प्रधानाध्यापक मञ्जु सापकोटाले विद्यालयको २७ वर्षे शैक्षिक यात्राले अनुशासन, गुणस्तरीय शिक्षा र जीवनोपयोगी सीपमा आधारित शिक्षालाई प्राथमिकतामा राख्दै आएको बताइन । उनले नयाँ ब्यवस्थापन सगैं अहिले बिद्यालय सञ्चालन भएको बताउदै बिद्यालय र समुदाय बिच सुमधुर सम्बन्ध बनाई अगाडि बढ्ने उल्लेख गरिन् । कार्यकारी निर्देशक कृष्णराज सापकोटाले बदलिँदो समयअनुसार प्रविधिमैत्री शिक्षण पद्धति अवलम्बन गर्दै विद्यार्थीको समग्र विकासमा जोड दिइएको उल्लेख गरे । "विद्यालय केवल परीक्षामा उत्कृष्ट नतिजा ल्याउने थलो मात्र होइन, असल नागरिक उत्पादन गर्ने थलो पनि हो," सापकोटाको भनाइ थियो । कार्यक्रममा ग्लोबल कलिजियट प्रर्चाय बाबुराम पन्तले शिक्षक, अभिभावक र विद्यालय प्रशासनबीचको सहकार्यलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याए। अभिभावक सन्दिप पुन मगरले शिक्षक-अभिभावकबीचको नियमित संवाद र सहकार्यलाई सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याउँदै विद्यालय प्रशासनप्रति धन्यवाद व्यक्त गरे ।

कार्यक्रममा हिसान कास्कीका अध्यक्षय दिवाकर जैसी,पोखरा पब्लिक स्कुलका अध्यक्ष कृष्ण केसी , ताराकुञ्ज स्कुलका प्रमुख रवि मोहन वराल,शिक्षकहरु रुपिन्द्र प्रभावी,बर्षा गुरुङ, सञ्चालक समितिका सदश्यहरु,बिभिन्न टोल समुहका प्रमुख,अभिभावक शिक्षक र बिद्यार्थीहरुको उल्लेख सहभागिता रहेको थियो ।

# आँखाले देखेका सम्पूर्ण वनस्पतिहरु औषधी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ फागुन

श्री दत्त नारायण पदम श्रेष्ठ स्मृति प्रतिष्ठान केन्द्र स्याङ्जा तथा श्री जुल्फे सामुदायिक वन उपभोक्ता समितिको सम्युक्त आयोजनमा आहार, विहार, विचार, स्थानिय जडिबुटी पहिचान, उपचार, रोजगार, व्यवसाय तथा उद्योग विषयक प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम हालै भव्य समारोहवीच सम्पन्न भएको छ ।

श्री जुल्फे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष श्री खडानन्द वाग्लेको अध्यक्षतामा सम्पन्न सो प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रममा प्रमुख



अतिथि जडिबुटी बिशेषज्ञ, पूर्व अञ्चलाधीश र अधिवक्ता श्री महेन्द्रमान व्यथितले बताउनुभयो "आँखाले देखेका सम्पूर्ण वनस्पतिहरु औषधी हुन् । तिनीहरुको पहिचान गरेर तिनीहरुलाई प्रयोग गरेर निरोगी, सुखी र समृद्द हुनुपर्छ भन्ने वेदको मान्यता छ । यही वेदको भाव अनुरुप गाँउ गाँउबाट काम गर्न सक्यौं भने कोही व्यक्ति विदेश जानु पर्दैन । विदेशमा यस्ता जडिबुटी निर्यात गरेर हाम्रो राष्ट्र सम्पन्न र समृद्द हुन्छ । सरकारले विदेश निर्यातका लागि सहजिकरण गरी दिए पुग्दछ । यसमा ध्यान दिएर दलहरु पनि अघि बढ्नु पर्छ । सवै जनताले पूर्ण रुपमा काम माम पाउँछन् । जनता र राष्ट्रलाई धनी बनाउने यो भन्दा अर्को विकल्प छैन ।" समाजसेवी पूर्ण चन्द्र भण्डारीबाट स्वागत भाषण गरिएको सो कार्यक्रममा उद्घोषकको भुमिका जुल्फे सामुदायिक वन समितिका सचिव कृष्ण वाग्लेले गर्नु भएको थियो । सो कार्यक्रममा ६० जनाको सहभागिता रहेको थियो ।

# 'अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि २०८२' जारी

**रासस**
पोखरा, ७ फागुन

निर्वाचन आयोगले प्रतिनिधिसभा सभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनको लागि आवश्यक पर्ने अस्थायी मतदाता नामावाली सङ्कलन तथा स्थायी मतदान प्रक्रियालाई व्यवस्थित तुल्याउन 'अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि २०८२' जारी गरेको छ।

आयोगले मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि बनाएर जारी गरेको हो । कार्यविधिअनुसार आयोगले स्थायी मतदाता नामावली सङ्कलन गर्ने कार्यक्रमसहितको सूचना प्रकाशन गर्नेछ। सो सूचना आयोगले आवश्यकताअनुसार राष्ट्रियस्तरका सञ्चारमाध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्न सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ । नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, सेना, प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारको नाम स्थायी मतदाता नामावलीमा समावेश हुनेछ ।
निर्वाचन आयोगले जारी गरेको उक्त कार्यविधिअनुसार कुनै व्यक्तिको नाम छुटेको वा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गराउन वा त्रुटि सच्याउन प्रमाणसहित प्रमुख नाम दर्ता अधिकारीसमक्ष निवेदन दिनुपर्ने आयोगले जनाएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, चिसाखोला मेथलाङ मोटरबाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः चिसाखोला मेथलाङ मोटरबाटो ढलान
ठेगानाः पोखरा-१८
योजना सुरु हुने मितिः २०८२/०९/२५ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/२५ गते
योजनाको कुल लागतः रु. १०,००,१९१.७१
महानगरपालिकाबाटः रु. ९,००,०००।-
जनसहभागिताबाटः रु. १,००,१९१.७१
उपभोक्ता समिति अध्यक्षः गणेश देवकोटा
सम्पर्क नं.: ९८४६०३७६७४
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**चिसाखोला मेथलाङ मोटरबाटो ढलान उपभोक्ता समिति पोखरा-१८**


# चिमखोलाका विद्यालयलाई 'स्मार्ट बोर्ड' सहयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ फागुन

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलामा रहेका सामुदायिक विद्यालयहरुलाई 'स्मार्ट बोर्ड' सहयोग प्राप्त भएको छ ।

चिमखोलामा निर्माण भएको ३५ दशमलब पाँच मेगावाट क्षमताको चिमखोला-मंगले-राहुघाट जलविद्युत आयोजनाको प्रर्वद्धक कम्पनी तुँदी पावरले तीन वटा विद्यालय र वडा कार्यालयलाई छ थान स्मार्ट बोर्ड सहयोग गरेको हो ।

जलविद्युत आयोजनाको प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्व कार्यक्रम मार्फत बिनियोजन भएको रु. १० लाख




८० हजार बजेटबाट स्मार्ट बोर्ड उपलब्ध गराइएको रघुगङ्गा गाउँपालिका-७ का वडा अध्यक्ष थकबहादुर पाइजा (रिम)ले जानकारी दिनुभयो ।

उहाँका अनुसार अमर मावि चिमखोलालाई तीन, वडा कार्यालय, सिद्ध र चिमखोला आधारभूत विद्यालयमा एक/एक थान ६५ इञ्चको स्मार्ट बोर्ड सहयोग प्राप्त भएको हो । विद्यालयमा प्रबिधीमैत्री पठनपाठन र वडा कार्यालयमा हुने तालिम, बैठकमा प्रस्तुतिका लागि प्रोजेक्टरको विकल्पमा स्मार्ट बोर्ड प्रयोग गरिने वडा अध्यक्ष पाइजाले बताउनुभयो ।

विद्यालयको कक्षा कोठाको भित्तामा 'स्मार्ट टिभी' र 'बोर्ड' राखिएको छ । इन्टरनेटमा सन्दर्भ सामग्री खोजेर पढाउन थालिएको अमर माविका प्रअ खबहादुर थापाले बताउनुभयो । विद्यार्थीमा सिकाई उपलब्धी बढाउन र शिक्षकहरुलाई सिर्जनशिल तथा प्रबिधीमैत्री बनाउन यस्तो अभ्यास गरिएको हो ।

सूचना प्रविधिको प्रयोग गरेर पठनपाठन गराउन विद्यार्थीले अध्ययनमा रुची देखाउने र सिकाई उपलब्धी वृद्धि हुने अपेक्षा गरिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, भुमरेगैरादेखि चपाई चौतारासम्म ढलान बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः भुमरेगैरादेखि चपाई चौतारासम्म ढलान बाटो निर्माण
ठेगानाः पोखरा-१८
योजना सम्झौता मिति : २०८२/१०/१३ गते
योजना सुरु मितिः २०८२/१०/१४ गते
योजना सम्पन्न हुने मितिः २०८२/१०/१८ गते
योजनाको कुल लागतः रु. १४,४५,५३७.७३
महानगरपालिकाबाटः रु. १३,००,०००।-
जनसहभागिताबाटः रु. १,४५,५३७.७३
उपभोक्ता समिति अध्यक्षः विष्णु प्रसाद तिमिल्सिना
सम्पर्क नं.: ९८४६१८२७७३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**भुमरेगैरादेखि चपाई चौतारासम्म ढलान बाटो निर्माण उपभोक्ता समिति पोखरा-१८**


# पोखरा लेडी जेसीज 'ककस' को प्रत्यक्ष प्रसारण एबिसी टिभीले गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

जेसीआई पोखरा लेडी (पोखरा लेडी जेसीज) द्वारा आयोजना हुन लागेको 'ककस प्रोग्राम-२०२६' को एबिसी टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्ने भएको छ ।

ककसको आधिकारिक प्रसारणका लागि जेसीआई पोखरा लेडी र एबीसी न्यूज प्रालिबिच सम्झौता भएको छ । कार्यक्रमका लागि दुई पक्षबीच बिहीबार सम्झौता पत्रमा हस्ताक्षर गरिएको हो । सम्झौता पत्रमा पोखरा लेडी जेसीजका तर्फबाट अध्यक्ष जेसी सुनिता गौतम भण्डारी र एबीसी टेलिभिजनका तर्फबाट ब्यूरो प्रमुख एमबि आस्थामगरले हस्ताक्षर गरेका छन् ।

सम्झौता अनुसार आगामी फागुन ९ गते (फेब्रुअरी २१) पोखरा ५ पर्स्याङस्थित ताजमहल इभेन्ट सेन्टरमा आयोजना हुने ककस कार्यक्रमको एबीसी न्यूजले टेलिभिजन तथा डिजिटल प्लेटफर्ममार्फत प्रत्यक्ष र रेकर्डेड प्रसारण गर्नेछ । सम्झौता कार्यक्रममा पोखरा लेडी जेसीजको तर्फबाट कार्यक्रम संयोजक जेसी रेजिना कटुवाल क्षेत्री, कानुनी सल्लाहकार जेसी नन्दकुमारी सुवेदी ढुंगाना, कार्यकारिणी उपाध्यक्ष जेसी विनिता केसी र एबिसी टिभी पोखराका संवाददाता धनबहादुर गुरुङको उपस्थिति रहेको थियो । कार्यक्रमलाई भव्य रूपमा सम्पन्न गर्न र धेरै भन्दा धेरै दर्शकसम्म पुऱ्याउन यो मिडिया सहकार्यले महत्वपूर्ण भूमिका खेल्ने विश्वास दुवै पक्षले व्यक्त गरेका छन् । बिहीबार हुने कार्यक्रममा कास्की ३ का उम्मेद्वारहरुसँग प्रत्यक्ष संवाद हुनेछ । कास्की ३ बाट नेकपा एमालेका दमोदर पौडेल, नेपाली कांग्रेसका मनोज गुरुङ, नेपाली कम्युनिष्ट पार्टीका गोपाल गिरी, राष्ट्रिय स्वतन्त्र पार्टीका बिना गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका अर्जुनप्रसाद खनाल, उज्यालो पार्टी नेपालका तर्कबहादुर गुरुङ, मंगोल नेशनल अर्गनाइजेशनका जीवनबहादुर गुरुङ, नेशनल रिपब्लिक नेपालका तिर्थ गुरुङ उम्मेदवार छन् ।

यस्तै कास्की ३ बाटै श्रम संस्कृति पार्टीका हितकाजी गुरुङ, नेपाल मातृभूमि पार्टीका ओमप्रकाश विश्वकर्मा, आम जनता पार्टीका कुसल थापा क्षेत्री, नेपाल जनमुक्ति पार्टीका मिनबहादुर थापा र नेपाल मजदुर किसान पार्टीका मिना न्हिसुतु पनि चुनावी मैदानमा छन् ।

बिहान ९ बजेदेखि सुरु हुने संवादको सहजीकरण पत्रकार दीपेन्द्र श्रेष्ठले गर्नेछन् ।